१.मिति २०७५/१२/१९, २० र २२ गते बसेको चौथो नगर सभाबाट देहाय बमोजिम निर्णयहरु गरियो ।

१ खर्च अनुमोदन सम्बन्धमा

आर्थिक वर्ष २०७५।७६ मा २०७५।४।१ देखि हाल सम्म कार्यपालिकाका विभिन्न वैठकहरुले पारित गरेका अनुसुची १ बमोजिमका खर्चहरुलाई विनियोजन एवं खर्चहरुलाइ अनुमोदन गर्ने ।

२. रकम थप गर्ने सम्बन्धमा

नदीजन्य पदार्थहरू (दहत्तर बहत्तर) बाट प्राप्त आय तथा प्रदेश सरकारबाट सवारी साधन करबाट प्राप्त हुने रकमबाट अनुसुची २ बमोजिम रकम थप गर्ने ।

३. योजना परिवर्तन/संशोधन सम्बन्धमा

अघिल्लो नगरसभाबाट चालु अर्थिक वर्षका लागि स्विकृत योजनाहरु मध्ये नगर सभाबाट प्राप्त अख्तियारी अनुसार कार्यपालिकाको वैठकबाट संशोधन तथा परिवर्तन गरिएका अनुसुचि ३ बमोजिमका योजनाहरुको संशोधन तथा परिवर्तन स्विकृत गर्ने ।

४. बहुवर्षिय योजना संचालन सम्बन्धमा

आगामी आर्थिक वर्ष २०७६/७७ को बजेटबाट भुक्तानी दिने गरी अनुसुची ४ बमोजिमका योजनाहरु संचालन गर्ने ।

५. वडा कार्यालयको भवन सम्बन्धमा

जिल्ला समन्वय समितिको पत्रानुसार जिल्ला विकास समितिमा रहेको कोषबाट रकम भुक्तानी हुने गरी विभिन्न पूर्वाधार निर्माणका लागि माग भएकोमा जिससबाट ६० % र यस नगर पालिकाबाट ४०% व्यहोर्ने गरी वडा नं १ २ ५ ६ ९ र ११ का वडा कार्यालयहरु ( जम्मा ६ वटा को भवन निर्माणका लागि मिति २०७५।११।७५ मा पत्र पठाएकोमा उक्त विषय अनुमोदन गर्दै सो का लागि प्राविधिक इष्टिमेट बमोजिम लाग्ने (६ वटा भवनका लागि जम्मा) अनुमानित रु पाँच करोड पन्ध्र लाख आठ हजार छ सय नब्बे रुपैया एकहत्तर पैसाको चालिस प्रतिशतले हुन आउने रकम रु दुइ करोड छ लाख तीन हजार चारसय छयत्तर रुपैया अठ्ठाइस पैसा आगामी आव ०७६।७७ मा भुक्तानी दिने गरी विनियोजन गर्ने ।

६. डिपिआर बनाउने सम्बन्धमा

क.अर्जुनधारा नगरपालिका वडा नं १ मा विरिङ्ग नदीको कटान रोक्न एक ड्याम बनाउन IEE सहित DPR बनाउने । DPR तयार भएमा यसै वर्ष निर्माण प्रकृयाको थालनी गर्ने ।

ख.साठीमुरेमा एक पर्यटकीय स्थल निर्माण गर्न soil test सहित DPR बनाउने ।

यसका लागि आवश्यक बजेटको व्यवस्था विरिङ्ग नदीको उत्खनन बाट प्राप्त रकम बाट गर्ने ।

७. खाजा तथा अतिथि सत्कार खर्च सम्बन्धमा

२८।१२।२०७६

प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीहरु लाइ उपलब्ध गराएको खाजा खर्च  एवम् नगरप्रमुख, उपप्रमुखको सचिवालय तथा वडाकार्यालयलाइ उपलब्ध गराउँदै आएको अतिथि सत्कार खर्च वापतको देहाय बमोजिमको रकमहरु २०७५ चैत्र महिनादेखि प्रदान नगर्ने:

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | मासिक रु ५००० |
| कर्मचारीहरु | मासिक रु २५०० |
| नगरप्रमुखको सचिवालय | मासिक रु २५००० |
| नगर उपप्रमुखको सचिवालय | मासिक रु २०००० |
| वडा कार्यालयहरु | मासिक रु १५००० |

८. नगर चक्रपथ निर्माण तथा सडक मर्मत सम्भार गर्न नगरपालिकाको आफ्नै साधनहरु प्रयोग गर्ने सम्बन्धमा

प्रस्तावित भित्री चक्रपथ र बाहिरी चक्रपथको ट्र्याक निर्माण स्तरोन्नती तथा मर्मत का लागि एवम् नगर क्षेत्रका सडकहरुको मर्मत सम्भारका लागि नगर पालिका सँग रहेका ट्रिपर ट्र्याक्टर रोलर ग्रेडर पानी ट्यांकर जस्ता उपकरणहरु प्रयोग गरी गर्नेछ । यसरी कार्य गर्दा कामको मुल्यांकन र खर्चको हिसाब सम्बन्धित शाखाहरुले अद्यावधिक राख्नेछ ।

प्रस्तावित भित्री र बाहिरी चक्रपथको रुट (चक्रपथले छुने क्षेत्र तथा स्थान) र सडकको क्षेत्राधिकार देहाय बमोजिम हुनेछः

| चक्रपथ | समेट्ने क्षेत्र | सडकको क्षेत्राधिकार Right of Way |
|---|---|---|
| भित्री चक्रपथ | वडा नं ६ को कक्षानबारीबाट वडा नं ९ को प्रणामी टोल-कटहरडाँडा हुँदै वडा नं. ८ को राना गाउँ टोल  पश्चिम हुँदै नारायणचोक हुँदै वडा नं. ७ को वडा कार्यालय हुँदै वडा नं ५ हुँदै कक्षानबारी जोड्ने सडक | ६० फिट<br>नाला ६ फिट<br>सडक ४० फिट<br>डिभाइडर ४ फिट<br>फुटपाथ १० फिट |
| बाहिरी चक्रपथ | अर्जुनधारा नगरपालिका र मेचीनगर नगरपालकाको सिमाना कालिझोडा महेन्द्र राजमार्ग उत्तर हुँदै अर्जुनधारा -१० को सेतीपानी र बुद्धशान्तीको दक्षिणी सिमा पूर्व पश्चिमको तेर्सो सडक हुँदै वडा नं ८ उत्तर बुद्धशान्तीको पश्चिमबाट निर्माणाधिन बिरिङ्ग पुल पश्चिम वडा नं.१ सिस्ने उत्तर हुँदै प्रस्तावित मदन भण्डारी राजमार्गको अर्जुनधारा खण्ड जोडिई वडा नं.१ २ ३ को दक्षिण पश्चिम दुर्गापुर दानाबारी सडक हुँदै वडा नं ४ को दहिझोडा स्कुल पूर्व टाङटिङ खोला तरेर वडा नं ५ को पाण्डवपुर उत्तर पूर्व शहिद राजन गिरी मार्गबाट पश्चिममा कनकाई नपा  अर्जुनधारा नगरपालिका र विर्तामोड नपा को सिमाना हुँदै महेन्द्र राजमार्ग पूर्व हुँदै ११ नं हुँदै कालिझोडा अर्जुनधारा -१० र पुर्वमा मेची नपा जोड्ने | ६६ फिट<br>नाला ६ फिट<br>सडक ४६ फिट<br>डिभाइडर ४ फिट<br>फुटपाथ १० फिट |

९ शनिश्चरे साप्ताहिक हाट बजार सार्न जग्गा प्राप्त गर्ने सम्बन्धमा ।

शनिश्चरे बजारमा विगत देखिनै लाग्दै आएको साप्ताहिक हाटबजार अव्यवस्थित रुपमा बिच सडकमै बजारमा सडक मै लाग्ने गरेकोमा हाल आएर पर्यटकिय शहरीकरणको कारण उक्त स्थानमा बजार लगाउँन नसकिने भएको तथा शनिश्चरे बजारको साप्ताहिक हाट विगत १०० वर्ष भन्दा अघि देखि नै लाग्ने गरेको तथा शनिश्चरे बजारको पहिचान तथा शान समेत भएको हुँदा यसलाइ टाढा लैजान नसकिने र हाल बजार लाग्ने स्थान कै सेरोफेरोमा व्यवस्थित गर्नुपर्ने भएको हुँदा उक्त स्थानको आसपास पायक पर्ने स्थान मा  प्रचलित कानून बमोजिम जग्गा प्राप्त गरी बजार सार्ने । जग्गा प्राप्त गर्न जग्गा खोजि गर्ने जिम्मेवारी नगर प्रमुख ,सम्बन्धिथत वडा अध्यक्षहरु तथा प्रमुख प्रशासकीय अधिकृतलाइ दिने । निजहरुले सकेसम्म निशुल्क जग्गा प्राप्त गर्न पहल गर्ने । निशुल्क प्राप्त गर्न नसकेमा जग्गा प्राप्ति ऐन अधिग्रहण बमोजिम जग्गा प्राप्त गर्न नेपाल सरकारसँग अनुरोध गर्ने ।

१० भूमि व्यवस्थापन तथा सुकुम्बासी लगत संकलन समिति गठन सम्बन्धमा

यस नगरपालिका भित्रका भूमिहिन तथा सुकुम्वासीहरूको लगत संकलन गर्नु अवश्यक रहेकाले आगामी अषाढ मसान्त सम्ममा सबै वडा कार्यालयहरूमा वडाका भूमिहीन तथा सुकुम्वासीहरूको लगत संकलन गर्ने निर्णय गरियो ।लगत संकलन कार्यविधि नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

११ युवा समिति गठन सम्बन्धमा

नगरक्षेत्र भित्र युवा लक्षित कार्यक्रमहरु थप प्रभावकारी रुपले संचालन गर्न तथा खेलकुद क्षेत्रको विकास गर्न नगरपालिकाका २१ वर्ष देखि ४० वर्ष सम्मका युवाहरुलाइ समेटेर नगर युवा समन्वय समिति वडा स्तरीय युवा समन्वय समिति तथा नगर तथा वडा स्तरीय कार्य संचालन समितिहरु गठन गरिनेछ । देहाय बमोजिमका सामान्य सिद्धान्तहरुको आधारमा नगरकार्यपालिकाले यसको कार्यविधि स्विकृत गरी लागू गर्नेछ:

नगरप्रमुखको अध्यक्षतामा नगर युवा सरंक्षण समिति गठन गर्ने । यसको प्रत्यक्ष नियन्त्रण र निगरानीमा रही नगर युवा समिति रहने जसको संयोजकको रुपमा यसको कार्यपालिकाले छनौट गरेको अब्बल नेतृत्व क्षमता भएको युवा रहने ।

वडाध्यक्षको अध्यक्षतामा वडा स्तरीय युवा सरंक्षण समिति गठन गर्ने । यसको प्रत्यक्ष नियन्त्रण र निगरानीमा रहि वडा युवा समिति रहने जसको संयोजकको रुपमा नपा समितिले छनौट गरेको अब्बल नेतृत्व क्षमता भएको युवा रहने ।

नगर पालिकाले संचालन गर्ने युवा लक्षित कार्यक्रमहरु तथा गतिविधिहरु यिनै समितिहरु मार्फत गरिने ।

समितिको गठन, कार्यक्षेत्र, वैठक प्रकृया लगायतका विषयमा कार्यपालिकाले कार्यविधि बनाइ लागू गर्ने ।

१२ खेलकुद समिति गठन सम्बन्धमा

नगरक्षेत्र भित्र खेलकुद सम्बन्धि कार्यक्रमहरु थप प्रभावकारी रुपले संचालन गर्न तथा खेलकुद क्षेत्रको विकास गर्न नगरपालिकाका खेलप्रेमीहरूलाइ समेटेर नगर खेलकुद समन्वय समिति वडा स्तरीय खेलकुद समन्वय समिति तथा नगर तथा वडा स्तरीय कार्य संचालन समितिहरु गठन गरिनेछ । देहाय बमोजिमका सामान्य सिद्धान्तहरुको आधारमा नगरकार्यपालिकाले यसको कार्यविधि स्विकृत गरी लागू गर्नेछ।

नगरप्रमुखको अध्यक्षतामा नगर खेलकूद सरक्षक समिति गठन गर्ने । यसको प्रत्यक्ष नियन्त्रण र निगरानीमा रही नगर खेलकुद समिति रहने जसको संयोजकको रुपमा यसको कार्यपालिकाले छनौट गरेको खेलप्रेमी तथा खेलकुदमा सक्रिय व्यक्तित्व रहने ।

वडाध्यक्षको अध्यक्षतामा वडा स्तरीय खेलकुद सरक्षक समिति गठन गर्ने । यसको प्रत्यक्ष नियन्त्रण र निगरानीमा रहि वडा खेलकुद समिति रहने जसको संयोजकको रुपमा वडा समितिले छनौट गरेको खेलप्रेमी तथा खेलकुदमा सक्रिय व्यक्तित्व रहने ।

नगर पालिकाले संचालन गर्ने खेलकुद सम्बन्धि कार्यक्रम तथा गतिविधिहरु यिनै समितिहरु मार्फत गरिने ।

समितिको गठन, कार्यक्षेत्र, बैठक प्रकृया लगायतका विषयमा कार्यपालिकाले कार्यविधि बनाइ लागू गर्ने ।

१३ सॉंस्कृतिक समिति गठन सम्बन्धमा ।

नगरक्षेत्र कला सँस्कृति सम्बन्धि गतिविधिहरूलाइ प्रभावकारी रुपले संचालन गर्न सो सम्बन्धमा क्रियाशील व्यक्तित्वहरूलाइ समेटेर नगरस्तरीय सॉंस्कृतिक समिति वडा स्तरीय सॉंस्कृतिक समिति तथा नगर तथा वडा स्तरीय कार्य संचालन समितिहरु गठन गरिनेछ । देहाय बमोजिमका सामान्य सिद्धान्तहरुको आधारमा नगरकार्यपालिकाले यसको कार्यविधि स्विकृत गरी लागू गर्नेछः

नगरप्रमुखको अध्यक्षतामा नगर सॉंस्कृतिक सरक्षक समिति गठन गर्ने । यसको प्रत्यक्ष नियन्त्रण र निगरानीमा रहि नगर सॉंस्कृतिक समिति रहने जसको संयोजकको रुपमा यसको कार्यपालिकाले छनौट गरेको कला सँस्कृतिको क्षेत्रमा क्रियाशिल व्यक्तित्व रहने ।

वडाध्यक्षको अध्यक्षतामा वडा स्तरीय सॉंस्कृतिक सरक्षक समिति गठन गर्ने । यसको प्रत्यक्ष नियन्त्रण र निगरानीमा रहि वडा सॉंस्कृतिक समिति रहने जसको संयोजकको रुपमा वडा समितिले छनौट गरेको कला सँस्कृतिको क्षेत्रमा क्रियाशिल व्यक्तित्व रहने ।

नगर पालिकाले संचालन गर्ने कला सँस्कृति सम्बन्धि गतिविधिहरु यिनै समितिहरु मार्फत गरिने ।

समितिको गठन, कार्यक्षेत्र, बैठक प्रकृया लगायतका विषयमा कार्यपालिकाले कार्यविधि बनाइ लागू गर्ने ।

१४ थप कर्मचारी सम्बन्धमा ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णायानुसार कर्मचारी समायोजनको कार्य समाप्त भएकोमा मन्त्रालयले हाल कार्यरत र समायोजन भै आएका कर्मचारीहरुबाट समेत स्विकृत दरबन्दि तेरिज बमोजिम अनुसुचि ५ बमोजिमका कर्मचारी अपुग भएको हुँदा मन्त्रालयको प. सं. - ज. यो. वि. शा. २०७५।७६, च. नं. ५१६, मिति २०७५।११।२६ को पत्र बमोजिम पदपूर्तिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत लोकसेवा आयोगमा माग गरी पठाउने ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानिय तह कर्मचारी प्रशासन शाखाको प.सं. ०७४।७५, च. नं. ६४९१, मिति २०७५।२।२४ को पत्रबाट अस्थायी, करार वा अन्य कुनै पनि प्रकारले पदपूर्ति नगर्ने भनी लेखि आएको हुँदा लोकसेवा आयोग वा संघीय वा प्रदेश सरकारबाट स्थायी नियुक्ति वा सरुवा वा काजमा अर्को व्यक्ति नआउन्जेलका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिइ करारमा कर्मचारी नियुक्त गरी वडा तथा विषयगत शाखाहरुको कार्य प्रभावकारी रुपमा अगाडि बढाउने ।

२८।१२

नगरपालिका तथा अन्तर्गत निकायबाट प्रभावित हुने सेवालाई प्रभावकारी बनाउन विभाग कार्यालय शाखा तथा दरबन्दी तयार गर्न O & M सर्भे गर्ने ।यसका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग प्राविधिक सहयोग माग्ने ।

साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिइ प्रत्येक वडामा एक एक जना तथा नगरकार्यपालिकामा आठ जना कार्यालय सहयोगी नगरकार्यपालिकाका लागि एक जना कम्प्युटर अपरेटर, न्यायिक समितिका लागि एक जना कम्प्युटर अपरेटर, नगरपालिकामा भएका प्रत्येक सवारी साधनका लागि एक एक सवारी चालक (हेभी र हलुका दुवै तथा निर्माण उपकरण ब्याक हो लोडर रोलर ग्रेडरका लागि सहचालक एक /एक तथा थप दुइ जना सफाइ कर्मचारी करार सेवामा लिने ।

१५ आधारभूत स्वास्थ्य चौकी सम्बन्धमा ।

सबै वडाहरुमा स्वास्थ्य चौकी स्थापना गर्ने नेपाल सरकारको नीति अनुरुप नेपाल सरकारको सहयोगमा वडा नं ४ मा निर्माण सम्पन्न स्वास्थ्य भवनमा वडा नं ७ मा रहेको स्वास्थ्यका कर्मचारीहरु खटाउने तथा ७ नं वडामा थप कर्मचारी व्यवस्थापन गर्ने तथा वडा नं २ र वडा नं ११ मा निर्माण सम्पन्नको चरणमा रहेको भवनमा आवश्यक फर्निचर एवम् उपकरण तथा कर्मचारी व्यवस्थापन गर्ने ।

वडा नं ६ मा रहेको (हाल वडा कार्यालय रहेको भवन) खोप केन्द्र भवनमा तथा वडा नं १० मा रहेको भवनमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्न आवश्यक फर्निचर तथा कर्मचारी व्यवस्थापन गर्ने ।

स्वास्थ्य क्षेत्रमा रकम विनियोजन गरेका अन्य वडाहरुमा समेत आधारभूत स्वास्थ्य चौकी स्थापना गर्ने ।

आगामी आवमा नगरपालिकाका सबै वडाहरुमा स्वास्थय चौकी भवन निर्माण गर्न जग्गा प्राप्त नगरेका वडाहरुले शिघ्र जग्गा प्राप्तिको प्रकृया अघि बढाउने । नगर कार्यापालिकाको कार्यालयले भवन निर्माणका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुमा पहल गर्ने ।

माथि उल्लेखित स्वास्थ्य संस्थाको लागि आवश्यक फर्निचर उपकरण तथा कर्मचारीको तलब भत्ता आदि नगरपालिकाले व्यहोर्ने ।

कर्मचारीको नियुक्ति स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्विकृत स्थानिय तहमा आधारभूत स्वास्थ्य सेवा निर्माण तथा सेवा संचालन कार्यविधि २०७५ बमोजिम गर्ने ।

शनिश्चरे PHC नेपाल सरकारको निर्णयबाट १५ शैयाको अस्पतालमा स्तरोन्नति भएकोमा त्यस अनुरुप आवश्यक उपकरण तथा जनशक्तिको व्यवस्थापन गर्ने । यसका लागि प्रदेश सरकारसँग माग गर्ने ।

१६. नगर कार्यपालिकाको मिति २०७५/११/१४ को अर्जुनधारा नगरपालिकाको वडा नं. १ ,२ र ३ (साविक खुदुनाबारी गाविस) क्षेत्रको मालपोत दर सम्बन्धमा साविकका स्थानीय निकायका परिषद्ले निर्धारण गरेको दररेट अनुसार नै तथा बक्यौतामा ३५ प्रतिशत जरिवाना लाग्ने गरी असुल उपर गर्ने निर्णय अनुमोदन गरियो।

१७. नगर सभामा नगर सभा सदस्यहरुले उठाउनु भएका विविध मागहरुलाई प्रस्ताव लेखन समिति नगर सभा सदस्य श्री कुन्दन भट्टराईज्यूको संयोजकत्वमा ३ सदस्यीय समिति निर्माण गरी समितिबाट प्राप्त देयहा बमोजिम प्रस्तवाहरुलाई विशेष प्रस्तावका रुपमा पारित गरियो ।

अनुसुची १.
निर्णय नं १ सँग सम्बन्धित

| सि.नं. | मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | २०७५-०४-३१ | ग्यालेक्सी फिटनेस विर्तामोड | ३०००० |
| २ | | नेपाल रिक्सा तथा ठेला श्रमिक संघ | १०००० |
| ३ | | नेपाल अदिवासी जनजाति महासंघ अर्जुनधारा | ७५००० |
| ४ | | विष्णुमाया बुढाथोकी | ५००० |
| ५ | | नरेन्द्र लिम्बु अर्जुनधारा २ | ५००० |
| ६ | | नेपाल नगरपालिका संघ वार्षिक शुल्क | ५०००० |
| ७ | | क्षितिज नाट्य समूह अधिवेशन सहयोग | १०००० |
| ८ | ५/११/२०७५ | नेपाल आदिवासी जनजाति पत्रकार महासंघको पुरुष्कार वितरण कार्यक्रम सहयोग | २०००० |
| ९ | | गोयाङ्ग गाजावारी झोलुंगे पुल पश्चिम तर्फको पहिरो व्यवस्थापनका | ल इ अनुसार लागतको ८० प्रतिसत |
| १० | | वडा नं. ५ स्थित बाहृदशी खोल्सीमा पैनी सरसफाइ तथा मर्मत | २५४००० |
| ११ | ५/२९/२०७५ | वडा नं. ३ स्थित च्यारिटि युथ क्लबले खुदुनाबारी गोल्डकप सञ्चालनका | १५०००० |
| १२ | | कनकाई गोल्डकपमा यस नगरपालिकाको तर्फबाट सहभागिता जनाउन | ८७५०० |
| १३ | | श्री दुर्गा शक्ति समाज कल्याण संघलाई सामुदायिक भवन निर्माणाथ | ५००००० |
| १४ | | सशस्त्र प्रहरी बलको भवन निर्माणका | ७००००० |
| १५ | ६/८/२०७५ | प्रहरी चौकी शनिश्चरे विविध खर्च भुक्तानी | ४८६१७ |
| १६ | | वडा नं. ४ निवासी श्री प्रदीप खड्कालाई औषधोपचार सहयोग | १०००० |
| १७ | | वडा नं. २ निवासी श्री प्रभा लाम्गादे | १०००० |
| १८ | | वडा नं. ८ निवासी श्री प्रेम बुढाथोकी | ४००० |
| १९ | ६/१५/२०७५ | वडा नं. १ को माटे गाउँ छेउ खेलमैदान दक्षिण स्थित सिद्धेश्वरी गंगा माताको मन्दिर जिर्णोद्धार | २००००० |
| २० | | प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेको क्यान्टिन तथा क्लिनिक मर्मत | ५००००० |
| २१ | | वडा नं. ४ स्थित श्री दुर्गा शक्ति समाज कल्याण संघ ज्येष्ठ नागरिक मिलन केन्द्रको भवनको छाना निर्माण | ५००००० |
| २२ | ६/२२/२०७५ | ईलाका प्रहरी कार्यालय विर्तामोड रु १० हजार । | १०००० |
| २३ | | जिल्ला ट्राफिक प्रहरी कार्यालय विर्तामोड | १०००० |
| २४ | | सशस्त्र प्रहरी बल अर्जुनधारा रु २० हजार । | २०००० |

| | | | |
|---|---|---|---|
| २५ | | सशस्त्र प्रहरी बल खुदुनाबारी रु १० हजार । | १०००० |
| २६ | | प्रहरी चौकी शनिश्चरे | १५००० |
| २७ | | प्रहरी बिट सालवाडी । | ५००० |
| २८ | | शनिश्चरे बहुमुखि क्याम्पस सञ्चालन तथा व्यवस्थापन | ८००००० |
| २९ | | स्वास्थ्य चौकी अर्जुनधाराको ल्याब सेवा सञ्चालनका | ५०००० |
| ३० | | शनिश्चरे डान्स एकाडमी कार्यक्रम सञ्चालन सहयोग | ४०००० |
| ३१ | | परियार एकता समाज डकुमेन्ट्री प्रदर्शन सहयोग | १५००० |
| ३२ | | कनकाई कप फस्ट रनर अप पुरुष्कार बापत सहयोग | ५५००० |
| ३३ | | सामुदायिक स्वास्थ्य ईकाई खुदुनाबारी (अ न मी सुशिला भट्टराई) | ४००० |
| ३४ | | वडा नं. २ टेक बहादुर समाल औषधोपचार सहयोग | २०,००० |
| ३५ | | वडा नं. ८ प्रेम बुढाथोकी औषधोपचार सहयोग | १५००० |
| ३६ | | देवी प्रकोप व्यवस्थापन समिति अर्जुनधारा १ | १०००० |
| ३७ | | रत्नबहादुर प्रसाई वडा नं. १० औषधोपचार सहयोग | ५००० |
| ३८ | | गिता खड्का औषधोपचार सहयोग | ५००० |
| ३९ | | अनेरास्ववियू छैठौं अधिवेशन आयोजना सहयोग | १०००० |
| ४० | | मिना सुनार औषधोपचार सहयोग | ५००० |
| ४१ | | देवीप्रसाद सिग्देल अर्जुनधारा १ औषधोपचार सहयोग | ५००० |
| ४२ | | सन्थाल जाति उत्थान नौरथा पर्व शुभारम्भ कार्यक्रम सहयोग | ५००० |
| ४३ | | खुदुनाबारी बेस क्याम्प छेउ खानेपानी | ३५००० |
| ४४ | | ओकिल साहू वडा नं. १० औषधोपचार सहयोग | १०००० |
| ४५ | | सृजना बाल युवा क्लब अर्जुनधारा ७ भवन निर्माण सहयोग | १००००० |
| ४६ | | वालकुमारी खतिवडा,वडा नं. ४ औषधोपचार सहयोग | २०००० |
| ४७ | | का स आशिष राई ,बुवाको काजकिरिया खर्च | २५००० |
| ४८ | | मनास्लु युवा क्लब,कालिस्थान फुटबल प्रतियोगिता सहयोग | २०००० |
| ४९ | | वडा नं. ८ सन्थाल जातिय पोसाक | २०००० |
| ५० | | जसोदादेवी खनाल ,वडा नं. २ औषधोपचार सहयोग | १५००० |
| ५१ | | अर्जुनधारा युथ क्लब खेलकुद प्रतियोगिता सहयोग | १०००० |
| ५२ | | पूर्वेली कलाकर संघ कार्यक्रम सहयोग | २५००० |
| ५३ | ७/१९/२०७५ | कौशिला रेग्मी औषधोपचार सहयोग | २०००० |

| | | | |
|---|---|---|---|
| ५४ | | निशा भट्टराई वडा नं. ३ औषधोपचार सहयोग | १०००० |
| ५५ | | मिरा राई औषधोपचार सहयोग | १०००० |
| ५६ | | किरांत याक्थुंग चुम्लुंग कार्यक्रम सहयोग | २५००० |
| ५७ | | शनिश्चरे मा वि विद्यार्थी शैक्षिक भ्रमण सहयोग | २५००० |
| ५८ | | भानु मा.वि. विद्याथी शैक्षिक भ्रमण सहयोग | २५००० |
| ५९ | | शनिश्चरे बहुमुखी क्याम्पस फुटबल टिम सहभागिता सहयोग | १०००० |
| ६० | | शनिश्चरे मा वि अन्तर मा वि भलिबल प्रतियोगिता सहयोग | १०००० |
| ६१ | | चारपाने अर्जुनधारा समाज कार्यक्रम सहयोग | १५००० |
| ६२ | | चारघरे वाल विकास केन्द्र कार्पेट खरिद सहयोग | २५००० |
| ६३ | | सा रे ग म कलाकेन्द्र कार्यक्रम सहयोग | २०००० |
| ६४ | | म स्वा का तुलसा पोखेल औषधोपचार सहयोग | २०००० |
| ६५ | | सहारा नेपाल सवारी जोखिम न्यूनिकरण अभियान सहयोग | ५०००० |
| ६६ | | चन्द्रकला गौतम औषधोपचार सहयोग | २०००० |
| ६७ | | मुना सुनुवार अर्जुनधारा ६ औषधोपचार सहयोग | ५००० |
| ६८ | | भानु आधारभुत विद्यालय अर्जुनधारा ३ शैक्षिक विकास तथा भवन निर्माण | ५००००० |
| ६९ | | प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेमा खाजाघर तथा अन्य भौतिक निर्माणका लीग रु ५ लाख तथा इमरजेन्सी सेवा सञ्चालनका लागि रु २ लाख ५० हजार मात्र। | ७५०००० |
| ७० | | नवदुर्गा भवानी मन्दिर अर्जुनधारा १० को भौतिक निर्माण | ५०००० |
| ७१ | | शितला देवी दुर्गा मन्दिर भौतिक निर्माण | ५०००० |
| ७२ | | टोटल स्टेशन खरिद | ७००००० |
| ७३ | | वडा नं. १ स्थित सानो नेते खोलामा रोङ्ग गाउँपालिकासँग साझेदारीमा पुल निर्माण | ३०००००० |
| ७४ | | वडा नं. २ स्थित बाबियो खोल्सीमा माई नगरपालिकासँगको साझेदारीमा पुल निर्माण | ८५०००० |
| ७५ | | वडा नं. ९ स्थित कालिस्थान बाल विकास मर्मत तथा बालबालिका बस्ने पढ्ने ठाउँमा कार्पेट विछ्याउन | ४०००० |
| ७६ | | चेतना नेपाल संस्थाको सहकार्यमा लागु औषध दुर्व्यसन सम्बन्धि सचेतनामूलक कार्यक्रम | १२५००० |
| ७७ | | महिला स्वास्थ्य स्वयसेविकाहरुलाई प्राथमिक उपचार सामाग्री खरिद | १५०००० |
| ७८ | | नेपाल नगरपालिका संघ प्रदेश कमिटिको सदस्यता शुल्क | १०००० |
| ७९ | | सन्थाल जाति जिल्ला समितिको जातिय कार्यक्रम सञ्चालन | २५००० |
| ८० | | जनता माध्यमिक विद्यालय कक्षा १२का विद्यार्थीहरुलाई शैक्षिक भ्रमणका | २०००० |
| ८१ | ८/१८/२०७५ | प्रतिज्ञा दर्जी तथा टेकबहादुर बस्नेतका काजकिरिया सहयोग | २०००० |

| | | | |
|---|---|---|---|
| ८२ | | नेपाल बार एसोसिएसन जिल्ला  समिति झापा मानव अधिकार सम्बन्धि गोष्ठि सञ्चालन | १००००० |
| ८३ | | लक्ष्मी भुजेल औषधोपचार सहयोगका | १०००० |
| ८४ | | अर्जुनधारा- ३ मा वृद्ध चौतारी (प्रेम उपरकुटि) निर्माण | २००००० |
| ८५ | | वडा नं. १ सन्त बहादुर गोलको गुम्बा निर्माण मर्मत | ३००००० |
| ८६ | | वडा नं. १ मा शाकम्बरी छेउको गुम्बा निर्माण | ३००००० |
| ८७ | | वडा नं. ५ को पानिकलमा गुम्बा निर्माण तथा मर्मत | ३००००० |
| ८८ | | किरात राई यायोक्खा शनिश्चरे अर्जुनधारालाई वडा नं. ९ मा अतिथी गृह निर्माण तथा साकेला थान निर्माण | २००००० |
| ८९ | | नवनिर्मित व्यवसायिक भवनमा शौचालय निर्माण | ५६००० |
| ९० | | कमल निरौला  सिचाईका लागि मोटर | १८२००० |
| ९१ | | अर्जुनधारा जलेश्वर धाममा पेभेज विछ्याउन तथा पुराण सञ्चालन अनुदान | ११००००० |
| ९२ | | वडा नं. ९ बस्ने श्री चन्द्रबहादुर बस्नेत औषधोपचार सहयोग | १५००० |
| ९३ | | वडा नं. ६ मा विहानी टोलका युवाहरुको आयोजनामा सञ्चालन हुने क्रिकेट प्रतियोगिता सञ्चालन सहयोग | ३५००० |
| ९४ | | नेपाल मगर संघ भेषभुषा तथा जातिय गरगहना खरिद सहयोग | २५००० |
| ९५ | | वडा नं. ११ दधिराम उप्रेती औषधोपचार सहयोग | २५००० |
| ९६ | | सूर्यज्योति तेक्वान्दो डोजाङ्ग जिल्ला स्तरीय तेक्वान्दो प्रतियोगिता सहयोग | ५०००० |
| ९७ | | सर्पदंश उपचार केन्द्र,चाराली भवन निर्माण तथा ब्लक विछ्याउने कार्यमा सहयोग | २००००० |
| ९८ | | खुदुनाबारी रेडक्रश साझेदारीमा भवन निर्माण | ५००००० |
| ९९ | | शनिश्चरे रेडक्रशबाट  स्मारिका प्रकाशन २५ हजार,विपद् व्यवस्थापन सामाग्री खरिद २५ हजार,स्वास्थ्य शिविर तथा रक्तदान कार्यक्रम सहयोग | ७५००० |
| १०० | | हेमनारायण चौधरी औषधोपचार सहयोग | ५००० |
| १०१ | | चासोक ताम्नाङ्ग मनाउनका लागि किरात याक्थुंग चुम्लुंग सहयोग | ३०००० |
| १०२ | | सिंहदेवी  दुर्गा पाञ्चायन मन्दिर सोलार जडान खर्च | १०००० |
| १०३ | | श्री प्राथमिक विद्यालय,वडा नं. ९ बालमैत्री बसाई व्यवस्थापन | ५०००० |
| १०४ | | चन्द्र परियार औषधोपचार सहयोग | १०००० |
| १०५ | | बेल्टार सुखानी खानेपानी आयोजना पाइपलाइन विस्तार | ४१५००० |
| १०६ | | ख) कुम्भिटार खानेपानी आयोजना पाइपलाइन विस्तार | ४२०००० |
| १०७ | | ग)खैरेनी खानेपानी मर्मत म्झण्ड | ३५००० |
| १०८ | ९/३/२०७५ | घ)बेल्टार गाजावारी खानेपानी मुहान निर्माण | ३६६००० |

| | | | |
|---|---|---|---|
| १०९ | | ङ)बेल्टार खानेपानी आयोजना पाइपलाइन विस्तार | ३५००० |
| ११० | | च)रातेखाल खानेपानी आयोजना मोटर खरिद | ५०००० |
| १११ | | इलाका प्रहरी कार्यालय,अनारमनी टेलिभिजन तथा सिसि क्यामेरा फुटेज संग्रह हार्ड ड्राइभ | १००००० |
| ११२ | | पुस्तक खरिद | ४०००० |
| ११३ | | विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गर्न | ५०००० |
| ११४ | | निर्मल काफ्ले वडा नं. ७ औषधोपचार सहयोगं | ५०००० |
| ११५ | | ज्ञानबहादुर पोखरेल ,वडा नं ११,औषधोपचार सहयोग | १०००० |
| ११६ | | वडा नं ११ को शिवालय मन्दिर आसपास बाटो निर्माण | ५०००० |
| ११७ | ९/११/२०७५ | वडा नं. १ को निश्चल राई औषधोपचार सहयोग | २५००० |
| ११८ | ९/२०/२०७५ | भवानी घिमिरे साहित्यिक प्रतिष्ठान साहित्यीक सम्मेलन | २००००० |
| ११९ | ९/२६/२०७५ | कनकाई विर्ता अर्जुन ल्याण्डफिल साइटको घेराबारा निर्माण | १०००००० |
| १२० | | खेलाडी श्री दीपेन धिमाल, श्री विवेक गिरी तथा श्री एनकिला राईलाई प्रोत्साहन स्वरुप | ७५००० |
| १२१ | | दिपेन धिमाललाई अर्को प्रतियोगितामा सहभागि हुन | २५००० |
| १२२ | | परोपकार तथा अनुसन्धान केन्द्र,विर्तामोड जग्गा खरिद सहयोग | १३८००० |
| १२३ | | नारि सन्चार गृह विर्तामोडबाट स्थापना हुने नारी सन्चार प्रोत्साहन अक्षयकोष स्थापना सहयोग ,एक लाख मध्ये चालु आर्थिक वर्षमा भुक्तानी हुने | २०००० |
| १२४ | | सुखानी शहिद स्मृति प्रतिष्ठानबाट सञ्चालन हुने प्रदेश स्तरीय महिला फुटबल प्रतियोगिता सञ्चालनका लागि | १००००० |
| १२५ | | वडा नं. ७ बस्ने श्री तुलबहादुर श्रेष्ठलाई मिस्टर ओलम्पिक छनौट प्रतियोगितामा सहभागि हुन तयारी गर्नका लागि आर्थिक सहयोग | ५०००० |
| १२६ | | प्रगतिशिल लेखक संघ नवौं अधिवेशन सञ्चालन सहयोग | १५००० |
| १२७ | | वडा नं. १ बस्ने सोममाया तामाङ्ग औषधोपचार सहयोग | १०००० |
| १२८ | | अर्जुनधारा संस्कृत वेद विद्यापिठ शैक्षिक भ्रमण सहयोग | ३०००० |
| १२९ | | अर्जुनधारा ३ र ४ मा जंगली हात्तिको प्रकोपबाट बच्नका लागि आवश्यक फगी लाइट तथा साइरन कार्यालयबाटै खरिद गरी वितरण गर्ने | १०००० |
| १३० | | वडा नं ३ भाङ्गबारी युवा क्लब क्रिकेट प्रतियोगित सन्चालन सहयोग | १०००० |
| १३१ | | प्र.अ.डेनजनी आचार्य औषधोपचार सहयोग | ५५००० |
| १३२ | | सशस्त्र प्रहरी बल.सुरक्षा बेस क्याम्प सवारी मर्मत | ५०००० |
| १३३ | | वडा नं. ४ दलबहादुर भुजेल औषधोपचार सहयोग | १०००० |
| १३४ | | वडा नं. १० बिना भारती औषधोपचार सहयोग | ५०००० |
| १३५ | १०/११/२०७५ | वडा नं. १० जमुना ओझा औषधोपचार सहयोग | ५०००० |

| | | | |
|---|---|---|---|
| १३६ | | रत्नबहादुल लाखे,वडा नं. ७ औषधोपचार सहयोग | १०००० |
| १३७ | | त्रिदेव बहामुखि क्याम्पस स्व वि यूद्वारा आयोजना हुने भलिबल प्रतियोगिता सञ्चालन सहयोग | १५००० |
| १३८ | | खुदुनाबारी स्पोटिङ्ग क्लब खेलकुद प्रतियोगिता सहयोग | २५००० |
| १३९ | | सामूहिक उद्धार तथा उपकार संघ,वडा नं. ७ भवन निर्माण सहयोग | १००००० |
| १४० | | बिलिभर्स चर्च वडा नं ३ स्टेज निर्माण सहयोग | १००००० |
| १४१ | | बालज्योति प्रा वि वडा नं. ९ शैक्षिक सामाग्री व्यवस्थापन | २०००० |
| १४२ | | चाहना समूह/नेप्लिज टिन्स साँस्कृतिक कार्यक्रम सहयोग | १५००० |
| १४३ | | वडाध्यक्ष च्यालेन्ज कप वडा नं ११ खेलकुद सहयोग | १५००० |
| १४४ | | वडा नं ७ अमृतमाया दर्जी औषधोपचार सहयोग | १०००० |
| १४५ | | वडा नं ६ केवलप्रसाद बानिया औषधोपचार सहयोग | २५००० |
| १४६ | | वडा नं ५ दोर्जे भुजेल औषधोपचार सहयोग | १५००० |
| १४७ | | नेपाल खेलकुद पत्रकार मञ्च कार्यक्रम सहयोग | २५००० |
| १४८ | | राष्ट्रिय जनमुक्ति पार्टि क्षमता विकास कार्यक्रम सहयोग | १५००० |
| १४९ | | आदिवासी जनजाति पत्रकार महासंघ सम्मेलन सञ्चालन सहयोग | २५००० |
| १५० | | अर्जुनधारा जेसिज अधिवेशन सञ्चालन सहयोग | ५०००० |
| १५१ | | मालपोत कार्यालयको श्रेष्ता वाइण्डिङ्ग तथा कम्प्युटर प्रिन्टर मर्मत तथा खरिद भुक्तानी | ३००००० |
| १५२ | | नेपाल पत्रकार महासंघ साधारण सभा सञ्चालन सहयोग | १०००० |
| १५३ | | अखिल नेपाल जनजाति सम्मेलन महाधिवेशन सहयोग | १५००० |
| १५४ | | वडा नं ९ बालकृष्ण खतिवडा औषधोपचार सहयोग | १०००० |
| १५५ | | वडा नं ७ विनय निरौला औषधोपचार सहयोग | १०००० |
| १५६ | | जेष्ठ नागरिक मिलन समाज तिर्थस्थल भ्रमण सहयोग | २००००० |
| १५७ | | वडा नं ७ प्रभुराम राजवंशी औषधोपचार सहयोग | १०००० |
| १५८ | | नगर प्रवेशद्वार निर्माणमा अवरोध गरिरहेको विद्युत पोल स्थानान्तरण | १००००० |
| १५९ | | वडा नं. १ स्थित शशि टर्कि कृषि फर्म घेराबारा | ५०००० |
| १६० | | महिला चेतना बहुउद्देश्यीय सहकारी संस्थाबाट युरिया मोलासेस ब्लक उद्योग सञ्चालन गर्न मिक्चर मेसिन खरिद | ५०००० |
| १६१ | | वडा नं. १ स्थित ठूलो नेते खोलाको धार परीवर्तन गर्न बाँध निर्माण | १२४००० |
| १६२ | | मिडिया रिसर्च सेन्टरद्वारा प्रकाशित समृद्धि किताब ८० थान खरिद गर्ने। | ४०००० |
| १६३ | १०/२३/२०७५ | वडा नं ३ स्थित कैदलेमा ईनार निर्माण गर्न | १२५००० |

| | | | |
|---|---|---|---|
| १६४ | | वडा नं. ७ मा चन्द्रमाया मालेलाई ट्युबवेल जडान र वडा नं. ११ मा शालिग्राम नेपाललाई शौचालय निर्माण | २०००० |
| १६५ | ११/१४/२०७५ | अन्तराष्ट्रिय नारी दिवश विविध कार्यक्रम | १००००० |
| १६६ | | झापा वस्तु तथा सेवा उपभोक्ता संरक्षण संघ  आमा र माटोको  स्वास्थ्य सुधार भान्सा नै औषधालय बनाउने हाम्रो गाउ शहर कार्यक्रम | २००००० |
| १६८ | | आधारभुत तहको परीक्षा सञ्चालन | ७००००० |
| १६९ | | प्राथमिक स्वास्थ्य केन्द्रको ओपिडी भवन निर्माण | ५००००० |
| १७० | | सुखानी शहिद दिवस कार्यक्रम सहयोग | १००००० |
| १७१ | | मेघाहाङ्ग लिङ्दम र धनबहादुर जोगी ट्युबवेल जडान | २०००० |
| १७२ | | भित्रि गाउँ स्वागत द्वार निर्माण | १०००० |
| १७३ | | हात्तिकिल्ला कृषि समूह भ्रमण | २५००० |
| १७४ | | प्रदीप राजवंशी र ताराप्रसाद ओली औषधोपचार सहयोग | २०००० |

## अनुसुची २
### निर्णय नं २ सँग सम्बन्धित

| खर्च शिर्षक सकेत न. | कार्यक्रमको नाम | विनियोजित बजेट | थप | संशोधित बजेट |
|---|---|---|---|---|
| २१११ | तलब कर्मचारी (स्थायी, अस्थायी तथा करार सेवाका) | २९१५५००० | ० | २९१५५००० |
| २१११ | तलब कर्मचारी (ज्यालादारी, अन्य) | ४५५४००० | ० | ४५५४००० |
| २११२१ | पोशाक (स्थायी, अस्थायी तथा करार सेवाका) | ११४०००० | ० | ११४०००० |
| २२६११ | सरुवा, भ्रमण खर्च तथा दैनिक भत्ता() | १५००००० | ३००००० | १८००००० |
| २११३१ | कर्मचारी खाजा सुविधा | ३४२०००० | ० | ३४२०००० |
| २१११२ | पदाधिकारी सबै सुविधाहरु | ५५२६००० | ० | ५५२६००० |
| २११३३ | फिल्ड भत्ता (सर्जमीन) अतिरिक्त | ५००००० | २००००० | ७००००० |
| २११४१ | बैठक भत्ता | ५८७३७१ | ० | ५८७३७१ |
| २११४१ | बैठक भत्ता | ४९१२६२९ | ० | ४९१२६२९ |
| २२१११ | पानी तथा विजुली महशुल | १०००००० | ० | १०००००० |

| | | | | |
|---|---|---|---|---|
| २२११२ | संचार महशुल (कार्यालय र अन्य) | १०००००० | ० | १०००००० |
| २२२१३ | मर्मत तथा संम्भार(मेशीनरी तथा औजार अन्य इकुमेन्ट्) | १५००००० | १०००००० | २५००००० |
| २२२९१ | मर्मत तथा संम्भार (कार्यालय) | १०००००० | ० | १०००००० |
| २२३११ | कार्यालय सामाग्री तथा उपकरण वडा कार्यालय समेत मर्मत | १०००००० | १०००००० | २०००००० |
| २२३११ | कार्यालय स्टेशनरी मसलन्द वडा कार्यालय समेत | २०००००० | ० | २०००००० |
| २२३१५ | पत्रपत्रिका पुस्तक,परिषद,घर नक्सा किताब | १०००००० | ० | १०००००० |
| २२२१२ | इनधन (कर्मचारी तथा इनधन अन्य) मेसीनरी | २५००००० | ११००००० | ३६००००० |
| २२३१५ | छपाई वडा कार्यालय समेत | २०००००० | | १५००००० |
| २२३१९ | कार्यालय अन्य सामान | १०००००० | १५००००० | २५००००० |
| २२४१२ | सूचना व्यवस्थापन(नेटवर्क ,सप्टवेयर तथा अन्य) | १०००००० | ७००००० | १७००००० |
| २२५२२ | परिषद संचालन,बिबिध कार्यक्रम तथा समारोह खर्च | १२००००० | ८००००० | २०००००० |
| २२७११ | विविध खर्च (वडा सचालन तथा मुख्य कार्यालयको बिबिध) | ३०००००० | १००००० | ४०००००० |
| २२५२९ | अथिती सत्कार कार्यालय | ५००००० | ० | ५००००० |
| २८१४२ | भाडा वडा कार्यालय समेत | १५००००० | ० | ५००००० |
| ३१११५ | कार्यालय फनिचर तथा फिक्चर्स वडा कार्यालय समेत | २०००००० | ० | २०००००० |
| | चालु तर्फ कुल जम्मा | ७४४९५००० | | ८०५९५००० |

## अनुसुची ३

| | | | |
|---|---|---|---|
| पुँजीगत तर्फ | | | |
| सामाजिक सेवा अनुदान | १०००००० | २०००००० | ३०००००० |
| साझेदारी कोष | २००००००० | ० | २००००००० |
| मर्मत सम्भार कोष | ३६००००० | ३०००००० | ६६००००० |

| | | | |
|---|---|---|---|
| प्रकोप व्यवस्थापन कोष | १५००००० | ० | १५००००० |
| बिपद राहत कोष | १०००००० | ० | १०००००० |
| मठ मन्दिर गुम्बा व्यवस्थापन | ७००००० | ६००००० | १३००००० |
| खेलकुद | ११००००० | ० | ११००००० |
| अन्तर विद्यालय खेलकुद | ५००००० | ० | ५००००० |
| परामर्श सेवा | २०००००० | १०००००० | ३०००००० |
| पत्रपत्रिका टेलिभिजन | १५००००० | ० | १५००००० |
| पूर्वाधार विकास | ० | ५०००००० | ५०००००० |
| | ३२९००००० | | ४४५००००० |

## अनुसुची ४
## निर्णय नं ४ सँग सम्बन्धित

| क्र.सं | विवरण | रकम |
|---|---|---|
| १ | पगला खोलामा पुल निर्माण गर्न प्रदेश सरकारबाट रु ११ लाख रकम विनियोजन भई कार्य सुरु भएकामा सो रकम अपुग हुने भएकाले अपुग रकम नगरपालिकाबाट व्यहोर्ने | २१००००० |
| २ | वडा न. ३ कुम्भिटार छेउ सुखानी अधुरों कज्वे पुरा गर्न वडाको दायित्वमा रहने गरी | ४५०००० |
| ३ | वडा नं ६ मा नाला निर्माण गर्न प्रदेश सरकारबाट रु १५ लाख ,स्थानीय उपभोक्ता समितिबाट रु १५ लाख र बाँकी रकम नगरपालिकाबाट । | १९००००० |
| ४ | गाँजाबारीमा झोलुंगे पुल छेउमा सडक मर्मत | ५००००० |
| ५ | जनता माध्यमिक विद्यालय भवन निर्माण | २०००००० |
| ६ | नवदुर्गा आधारभुत विद्यालय भवन निर्माण | ८००००० |
| ७ | टाङटिङ खोला पुल उत्तर तटबन्धन | ५००००० |
| ८ | भानु माध्यमिक विद्यालय रु ४ लाख र समाजसेवी प्राथमिक विद्यालय रु ६ लाख | १०००००० |
| ९ | अर्जुनधारा ८ स्थित तुतबारीमा अधुरो कालोपत्रे पुरा | ६७५००० |
| १० | दुर्गा मन्दिर शनिश्चरे पूर्व नगरपालिकाको पुरानो व्यवसायिक भवन भत्काई नयाँ भवन निर्माण | १५००००० |
| ११ | वडा नं. २ स्थित राते कल्भर्टको दुवैतर्फ पुरुवा हाल्न | १७५००० |

| | | |
|---|---|---|
| १२ | वडा नं. २ को सहकाले क्षेत्रमा विद्युतिकरण | लइ अनुसार २० थान विद्युत पोल |
| १३ | वडा नं. ४ स्थित कालिखोला पुल निर्माण | ३००००० |
| १४ | शान्ती सामुदायिक वन प्लम्ब निर्माण ५०/५० प्रतिशतको लागत साझेदारीमा | ४००००० |
| १५ | पत्रकार इन्द्रकुमार राईको आवास व्यवस्थापन | १००००० |
| १६ | वडा नं.२ साठीमुरे छिरुवा खोल्सीबाट वावियो खोला तथा स्वास्थ्य चौकी जाने बाटो स्तरन्नोति | ५००००० |
| १७ | वडा न. २ लाई ह्युम पाइप खरीद | २००००० |
| १८ | वडा नं ९ गोलधापमा विद्युत प्राधिकरणबाट प्राप्त ट्रान्सफर्मर जडान | ६१०००० |
| १९ | काफल इन्भेष्टमेण्टबाट प्राप्त जग्गामा भवन निर्माण(प्रदेश सरकारबाट १३०००००० बाँकी रकम नगरपालिकाबाट ) | १२०००००० |

## अनुसुची ५
### निर्णय नं १२ सँग सम्बन्धित

| क.सं | तह | पद | सेवा | समूह | स्विकृत दरबन्दी | पदपूर्ती | | कुल पदपूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | साविक स्थानीय निकायमा कार्यरत | समायोजन भै अएका | | | |
| १ | १० | प्रमुख प्रशासकीय अधिकृत | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | ० | १ | १ | ० | |
| २ | ९/१० | अधिकृत | शिक्षा | शिक्षा प्रशासन | १ | ० | १ | १ | ० | |
| ३ | ९/१० | सि डि ई | इञ्जिनियरिङ्ग | सिभिल | १ | ० | ० | ० | १ | |
| ४ | ७/८ | अधिकृत | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | ० | २ | २ | ० | एक निजामति एक साविक जिविसबाट समायोजन |
| ५ | ७/८ | लेखा अधिकृत | नेपाल प्रशासन | लेखा | १ | ० | १ | १ | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ७/८ | अधिकृत | शिक्षा | शिक्षा प्रशासन | १ | ० | ० | ० | १ | |
| ७ | ७/८ | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | जनस्वास्थ्य | १ | ० | ० | ० | १ | |
| ८ | ७/८ | ईञ्जिनियर | इञ्जिनियरिङ्ग | सिभिल/वि एण्ड आ | १ | ० | ० | ० | १ | |
| ९ | ७/८ | ईञ्जिनियर | इञ्जिनियरिङ्ग | सिभिल | १ | १ | ० | १ | ० | स्थानीय सेवाका अधिकृत छैठै कार्यरत |
| १० | ७/८ | अ ले प अधिक्रित | प्रशासन | लेखा | १ | ० | ० | ० | १ | |
| ११ | ६ | अधिकृत | प्रशासन | सामान्य प्रशासन | ३ | २ | ० | १ | २ | |
| १२ | ५/६ | प हे न | स्वास्थ्य | क स | १ | ० | ० | ० | १ | |
| १३ | ५/६ | हे अ | स्वास्थ्य | | १ | ० | ० | ० | १ | |
| १४ | ५ | सहायक | प्रशासन | सामान्य प्रशासन | १० | २ | १ | ३ | ७ | समायोजन भइ सबैजना हाजिर भइ नसकेका |
| १५ | ५ | लेखा सहायक | प्रशासन | लेखा | १ | ० | ० | ० | १ | |
| १६ | ५ | प्रा स | शिक्षा | शिक्षा प्रशासन | १ | ० | ० | ० | १ | |
| १७ | ५ | सव इञ्जिनियर | इञ्जिनियरिङ्ग | सिभिल | ७ | २ | ० | २ | ५ | |
| १८ | ५ | म वि नि | विविध | | १ | ० | ० | ० | १ | समायोजन भइ हाजिर भइ नसकेका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | ५ | कम्प्युटर अपरेटर | विविध | | १ | ० | ० | ० | १ | २ जना समायोजन भएको तर हाजिर भइ नसकेको |
| २० | ४ | अमिन | इञ्जिनियरिङ्ग | सर्भे | १ | १ | ० | १ | ० | |
| २१ | ४ | सहायक | प्रशासन | सामान्य प्रशासन | ९ | ७ | २ | ९ | ० | |
| २२ | ४ | स ले प | प्रशासन | लेखा | १ | १ | ० | १ | ० | |
| २३ | ४ | स म वि नि | विविध | | १ | ० | ० | १ | ० | समायोजन भइ हाजिर भइ नसकेका |
| २४ | ४ | असिस्टेण्ट सव इञ्जिनियर | इंञ्जिनियरिङ्ग | सिभिल | ६ | १ | ० | १ | ५ | |
| | कुल दरबन्दि | | | | ५४ | १७ | ८ | २५ | ३० | |

## विशेष प्रस्तावहरु

१.नगरका सम्पूर्ण भौतिक सामाजिक धार्मिक लगायतका पक्षहरुको यथार्थ लगत संकलन गरी नगरपालिकाको पहिचान र नगरको सन्तुलित विकासका लागि नगर प्रोफाइल तयार गर्ने ।

**२.शिक्षा**

क. अर्जुनधारा नगरपालिकाको शिक्षा नीति अनुरुप शिक्षा ऐन नियमावली बनाई प्रभावकारी ढङ्गले लागू गर्ने ।

ख. नेपालको संविधानले माध्यमिक तह सम्मको विद्यालयलाई स्थानीय तहको मातहतमा राखे पनि स्थानीय तहको जानकारी विना कतिपय योजना तथा कार्यक्रमहरु सोझै विद्यालयमा पठाउने गरेको पाइएकाले यस्ता योजनाहरुलाई स्थानीय तह मार्फत नै व्यवस्थित गराउन आवश्यक पहल गर्ने ।

ग.अर्जुनधारा नगरपालिकाको शिक्षा नीतिको आधारमा यस नगरपालिका भित्र रहेका विद्यालय क्याम्पसहरुको स्तरोन्नती गरी प्राविधिक शिक्षा तर्फ जोड दिने र आवश्यकता अनुरुप नयाँ प्राविधिक आङ्गिक क्याम्पसहरुको स्थापना गर्दै जाने ।

घ. वडा नं ११ मा पोलिटेक्निकल इन्सिटच्युट क्याम्पस स्थापना गर्नका नगर कार्यपालिका बैठकबाट पारित भई आएकाले सो व्यहोरा अनुमोदन गरी स्थापनाका लागि आवश्यक पहल गर्ने ।

**३.स्वास्थ्य**

क. यस नगरपालिकाका सबैलाई स्वस्थ जीवनशैली अपनाउन प्रोत्सांहन गर्दै यस नगरपालिकाका सबै स्वास्थ्य चौकीहरुको स्तरोन्नती गर्दै रोगको यथार्थ अनुसन्धानका लागि आवश्यक जनशक्ति तथा उपकरण व्यवस्था गर्ने ।

ख. राष्ट्रिय स्वास्थ्य विमा बमोजिम नगरवासीहरुको अनिवार्य स्वास्थ्य बिमा गराउने ।स्वास्थ्य विमा गर्न नसक्ने परिवारहरुको लगत लिई विमा गर्न आवश्यक पहल गर्ने ।

ग. शनिश्चरे हेल्थ पोस्ट हाल १५ सैयाको अस्पतालमा स्तरोन्नती भएको र सो अस्पाताल व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि देहाय बमोजिमको मानव संशाधन तथा अन्य श्रोतहरुको लागि प्रदेश तथा संघीय सरकारलाई उपलब्ध गराउन पहल गर्ने ।

अ.अस्पतालका लागि आवश्यक दरबन्दी तेरिज अनुसारको शिघ्र व्यवस्थापन गर्ने ।

आ.कुल्टर मेसिन,थाइरोइड मेसिन ,सोडियम/पोटासियम एनालाइजर ,भिडियो एक्स्रे मेसिन , डायलिसस उपकरण ,इसिजी मोनिटर मेसिन,डिजिटल एक्सरे मेसिन,सक्सन मेसिन,पल्स अक्सि मिटर,मेजर ओटि टेबल,माइनर ओटि टेबल,ओटि ल्याम्प, बेड १५ थान, बेड साइड लकर,

**४.सरसफाई**

नगरको खानेपानी तथा सरसफाई नीति अनुरुप नगरवासीलाई स्वच्छ र शुद्ध खानेपानी पुर्याउन आवश्यक प्रबन्ध गर्ने ।

**५.फोहोर मैला व्यवस्थापन**

नगरपालिकाको फोहोर मैला व्यवस्थपानका लागि पूर्ण सरसफाई अभियान अर्जुनधारवासीहरुको पहिचान नारा सहित तत्कालिन अल्पकालिन र दीर्घकालिन उपायहरु अवलम्बन गर्ने र त्यसका लागि आवश्यक कार्यविधि बनाई लागू गर्ने ।

६.नेपालको संविधानले प्रदत्त गरेका अधिकारहरुको सूचि बमोजिम घर जग्गा रजिस्ट्रेसन शुल्क स्थानीय तहले नै पाउने व्यवस्था भए बमोजिम सोही अनुरुप बडा कार्यालयले गर्ने व्यवस्था मिलाउने । ।

**७.पूर्वाधार**

क.नगर भित्रका बहुवर्षिय योजनाहरुमा क्रमागत योजनाहरु पक्कि पुल झोलुङ्गे पुल कल्भर्ट सम्भावित पर्यटन क्षेत्रहरु नगर गौरवका योजनाहरु जनताको तटबन्धन शनिश्चरे लगायतका बजारका क्षेत्रहरुको आधुनिकिकरण गर्न पूर्वाधारहरुको निर्माण गर्ने।

ख.वडाको पहिचान झल्कने गरी वडा गौरवको योजना निर्माण गर्ने ।

ग.नगर भित्रका वडाहरुमा आधुनिकरुपले विद्युतिकरण गरी जनतालाई सुरक्षित उज्यालो अभियान चलाउने ।

घ.नगर भित्रका सडक सम्पत्ति पूर्वाधार र अन्य सम्पत्तिको लगत संकलन गरी सो को सिमाङ्कन अद्यावधिक गरी दोहोरो स्वामित्व /मापदण्डहरुको अन्त्य गर्दै जाने ।

ङ.भित्री र बाहिरी चक्रपथहरुको परिमार्जनको आवश्यकता महसुस भएमा कार्यपालिकाले निर्णय गर्ने

च.नगर भित्रका सार्वजनिक स्थलहरुको सङ्केतिकरण गरी सो को आधुनिक बोर्डहरु स्थापना गर्ने ।

८.सुकुम्वासी समस्या सामाधान

क.नगर भित्रका सार्वजनिक खाली ऐलानी जग्गाहरुको संरक्षण गर्दै नगर भित्र वा साविक सुकुम्वासीहरुको पहिचान र उनीहरुको सुनिस्चित बसोवास र स्वामित्वका लागि आवश्यक पहल गर्ने

९. उपभोक्ता हीत संरक्षण र बजार अनुगमनका लागि पर्ने गुणस्तर मापन गर्ने उपकरणहरु खरिद गर्ने ।

१०.नेपाल सरकारको श्रम सम्बन्धि हक नीति नियम बमोजिम न्यूनतम पारिश्रमिक लगायत सेवा सुविधाका लागि सम्बन्धित पक्षहरुसँग नगरपालिकाले आवश्यकता अनुरुप समन्वय गर्ने र यसका लागि आवश्यक कार्यविधि बनाउने ।

११सार्वजनिक सेवा प्रवाह

क.सार्वजनिक सेवा प्रवाहका लागि आवश्यक जनशक्ति व्यवस्थापन गरी अधिकार प्रत्यायोजन,विषयगत शाखा निर्माण गरी सेवा प्रवाह प्रभावकारी बनाउने ।

१२.नगर भित्रका स्थानहरुमा सञ्चार तथा इन्टरनेटको सुलभ र प्रभावकारी विस्तारका लागि सरोकारवाला निकायसँग समन्वय गर्ने ।

१३.स्थानीय स्तरमा आधारित उद्योगहरु,घरेलु तथा साना उद्योगहरु तथा कृषि उद्योगहरुलाई प्रोत्साहन र नियमन गर्न विभिन्न सरोकारवालाहरु सँग नगरपालिकाको पहलमा त्यस्ता उद्योगहरुको प्रवर्द्धन गर्ने ।

१४.हरेक घर सुरक्षित घर नारा सहित नगरपालिकाको मापदण्ड बमोजिम घरनक्सा पास गरी विरुवा सहितको घर बनाउन प्रोत्साहन गर्ने ।

१५.एकिकृत बस्तीहरुको निर्माण र एकिकृत बस्तीहरुमा बायोग्याँसमा आधारित नविकरणीय उर्जा लगायतका नमुना योजनाहरु सञ्चालन गर्ने ।

१६.उपभोक्ता समिति मार्फत हुने योजनाहरुमा (पुल पुलेसा कल्भर्ट पार्क बाहेक) उपभोक्ता समितिको योजना सम्झौता पूर्व उपभोक्ताले साझेदारी गर्ने लागत प्रतिशत रकम कार्यपालिकाले आवश्यक कार्यविधि निर्माण गरी सञ्चालन गर्ने ।

१७.अहिले चैत्र बैसाख महिनामा हावाहुरी चली आगलागीको खतरा बढेको तथा लगत्तै ज्येष्ठ आषाढ श्रावण महिनामा बाढी तथा डुबानको खतरा भएको हुँदा सोको रोकथामका लागि देहाय बमोजिम गर्ने

क.वडा कार्यालयहरु विद्यालयहरु स्वास्थ्य भवनहरु विषयगत शाखाका भवनहरु तथा नगरपालिका भवनमा न्यूनतम एक वटा Fire Extinquistior राख्ने ।

ख.नगर क्षेत्रका सबै घरहरुमा Fire Extinquistior राख्न घर सम्पन्न प्रमाणपत्र दिँदा Fire Extinquistior जडान गरेको यकिन गरेर मात्र दिने ।

ग.डुबानको समयमा प्रयोग गर्न आवश्यकता अनुसार Life Jacket खरिद गर्ने ।

घ.बाढीको पूर्व सूचना प्रणाली विकास गर्न गराउन प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक पहल गर्ने ।

१८.गत साता बारा र पर्सा जिल्लामा आएको हावा हुरी बाट भएको मानवीय क्षती प्रति गहिरो दुख व्यक्त गर्दै पिडित परिवारलाई राहत उपलब्ध गराउन जनप्रतिनिधिहरुको नगर सभाको एक दिनको बैठक भत्ता र नगरपालिकाका कर्मचारीहरुको ऐच्छिक रुपमा एक दिनको तलब उपलब्ध गराउने ।

१९.नगरपालिकालाई आवश्यक पर्ने सामाग्रीहरुको दरभाउ रेटको सुचि बनाउन देहाय बमोजिमको समिति गठन गर्ने ।

नगर सभा सदस्य श्री सिताराम भट्टराई

नगर सभा सदस्य श्री माधवप्रसाद आचार्य

नगर सभा सदस्य श्री आइतबहादुर लिम्बु

नगर सभा सदस्य श्री भोलानाथ गौतम

सदस्य सचिव सम्बन्धित कर्मचारी (प्रमुख प्रशासकीय अधिकृतले तोक्ने)
संयोजक नगर सभा सदस्यले आपसी समझदारीमा तय गर्ने सक्ने ।

२०..अर्जुनधारा नगरपालिका भित्रका सम्पूर्ण खानेपानी आयोजनाहरुमा फिल्टर जडान गरी स्वच्छ खानेपानी पुर्याउन डिपिआर तयार गर्ने ।शनिश्चरे अर्जुनधारा खानेपानी आयोजनाका पाइपहरु स्तरोन्नती गर्ने ।

२१.शहिद राजन गिरी मार्गलाई ईलामको तिनघरेमा जोड्नका लागि संघीय सरकार समक्ष अनुरोध गर्ने ।

२२.शनिश्चरे -खुदुनाबारी सडक खण्ड तथा शहिद राजन गिरी मार्गको लक्ष्मीपुर-मदनपुर खण्डमा र अन्य आवश्यक स्थानमा पुल निर्माणका लागि संघीय सरकार समक्ष अनुरोध गर्ने ।

२३. घोषित औपचारिक सभा समारोह तथा कार्यक्रमहरुमा पदाधिकारीहरुको पोसाकमा एकरुपता ल्याउने ।

२४.फोहोर मैला व्यवस्थापन ,विपद् व्यवस्थापन,बजार व्यवस्थापन,कृषि पशुपंक्षी विकास,कृषि उद्योगको प्रवर्द्धन ,एकिकृत कृषि खेती /पशुपालन पर्या पर्यटन सहकारी, टोल तथा बस्ती सुधार समिति लगायतका क्षेत्रहरुमा आवश्यक कार्यविधि बनाई लागू गर्ने ।साथै देहाय बमोजिमका क्षेत्रहरुमा आवश्यक कार्यविधि बनाउन कार्यपालिका कार्यालयका प्रशासन शाखालाई जिम्मेवारी हस्तान्तरण गर्ने सो कार्यविधि नगर कार्यपालिकाले संशोधन/परिमार्जन गरी लागू गर्ने ।

क.विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन /कार्यविधि
ख.सहकारी ऐन
ग.फोहोरमैला व्यवस्थापन कार्यविधि
घ.बजार व्यवस्थापन कार्यविधि
ङ.पर्या पर्यटन प्रवर्द्धन कार्यविधि
च.उद्योग प्रवर्द्धन कार्यविधि
छ.बस्ती तथा टोल व्यवस्थापन कार्यविधि
ज.कृषि सम्बन्धि कार्यविधि-
झ.पशुपंक्षी विकास कार्यविधि -

२५. वडा नं ५ मा रहेको मधुमाता मार्ग स्तरोन्नति प्राविधिक सल्लाह बमोजिम कार्य सम्पन्न भएको र बाँकी भुक्तानी उपलब्ध गराउने ।

२६.अर्जुनधारा नगरपालिकामा सार्वजनिक नीजि तथा ऐलानी जग्गा लगायतका विभिन्न जग्गाहरुको विभिन्न विवादहरु समाधान गर्न र रहेका जग्गाहरुको व्यवस्थित व्यवस्थापनका लागि सरपट नापी बोलाउन र सोका लागि सम्बन्धित निकायसँग आवश्यक पहल गर्ने ।

२७.अर्जुनधारा नगरपालिका भित्र बन्ने व्यापारिक भवनहरुमा पार्किङ्गको यथोचित प्रबन्ध गर्न आवश्यक व्यवस्था गर्ने ।

२८.अर्जुनधारा नगरपालिकामा युवा लक्षित कार्यक्रमहरुलाई विशेष प्राथमिकतामा दिने र यसका साथै लागू औषध दुर्व्यसनी जस्ता गैर कानूनी कार्यहरु रोक्न विशेष पहल गर्ने ।

२९.नगर सभाले बनाएका विभिन्न विषयगत समितिहरुले आफ्नो कार्यक्षेत्र भित्र रही विभिन्न छलफल आवश्यक कार्यविधि बनाउन तत क्षेत्रका विषयगत समितिहरुको अनुमोदन गर्ने ।र गत वर्ष बनेका वडाका विषयगत समितिहरु खारेज गर्ने ।

३०. मिलनचोक धाईजन चोक सडकको डिपिआर तयार भईसकेकाले सो सडकको स्तरोन्नती लागि सम्बन्धित निकायसँग पहल गर्ने ।

३१.क.क्रसर व्यवसायलाई व्यवस्थित बनाउन क्रसर उद्योगले आफूसँग सञ्चिती रहेको RBM को लगत जेठ १५ गते सम्म नगरपालिकालाई बुझाउने सुचिकरण नगरिएको सञ्चिती भन्दा बढी RBM पाइएमा त्यसलाई जफत गर्न सक्नेछ ।निजी तथा स्थानीय व्यक्तिहरुको पनि सञ्चितीको विवरण सोही बमोजिम बुझाउनु पर्नेछ ।

ख. प्रतिबन्धित समयमा RBM ढुवानी भएको पाइएमा देहाय बमोजिमको जरिवाना लगाउने ।

मालवाहक सवारी साधन रु ६०००/-

प्रत्येक १ पटक -२५ प्रतिशत थप दस्तुर
ग. निजी सन्चितकर्ताहरुले पनि सुचिकृत हुनुपर्ने छ ।

२०७१।२।२०६८